## नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

(क) समितिको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी नगरपालिकालाई सिफारिस गर्ने।

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र सस्थागत संयन्त्रको व्यवस्था पहल गर्ने।

(ग) नगरपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने।

(घ) बाल अधिकारसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने।

(ङ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धिसँग सम्बन्धित नगरस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने।

(च) नगरपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौनदुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबलिकाको उद्दार, पुनःथापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बालहेल्पलाइन नं. १०९८ (दश नौ आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिजस्ता कार्य समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रबर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने।

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी पालिकालाई पेश गर्ने।

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने।

(ञ) बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धका लागि सञ्चालन हुने राष्ट्रिय/प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने।

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने।

(ठ) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरु स्थापना तथा सञ्चालन सम्बन्धि सहजीकरण र समन्वय गर्ने।

(ड) बाल क्लव तथा बाल सञ्जाल गठन तथा पूर्नःगठन गर्ने।

(ढ) स्थानीय बाल कल्याण अधिकारीको व्यवस्था सम्बन्धि सिफारिस गर्ने।

१३२ औँ नगर कार्यपालिका बैठकमा स्वीकृत।